"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

सूचना नं. ४२

## करार सेवामा नगर प्रहरी पदपूर्ति सम्बन्धी सूचना !
### (प्रथम पटक सूचना प्रकाशित मिति २०८१।१०।३०)

बुढानीलकण्ठ नगरपालिकाको लागि देहायको पद, सङ्ख्या र योग्यता भएका नगर प्रहरी आन्तरिक प्रतियोगिता मार्फत करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका प्रमाणपत्र र यस नगरपालिकाको राजस्व शाखामा राजस्व दाखिला गरेको सक्कलै रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | परीक्षा दस्तुर रु. | जम्म माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०२/०८१-८२ | नगर प्रहरी हवल्दार | सहायकस्तर तेस्रो | ५००।-<br>(पाँच सय) | १ (एक)<br>(आन्तरिक प्रतियोगिता मार्फत) |

१. **दरखास्त फाराम दर्ता मिति:** २०८१।१०।३० गतेदेखि २०८१।११।१४ गतेसम्म, समय बिहान १०:०० बजेदेखि कार्यालय समयसम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन)।
२. **दरखास्त फाराम पाइने र बुझाउने स्थान:** बुढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हात्तीगौंडा, काठमाडौँ। दरखास्त दिने उम्मेदवारहरूले रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त दिनुपर्नेछ।
३. **छनौट प्रकृया:** लिखित परीक्षा र अन्तर्वार्ता (आन्तरिक प्रतियोगिता मार्फत)।
४. **सेवाको किसिम:** करार
५. **करार सेवा अवधि:** २०८२ साल आषाढ मसान्तसम्म (कार्यसम्पादन सन्तोषजनक देखिएमा नियमानुसार करार अवधि थप गर्न सकिनेछ)।
६. **आवश्यक न्यूनतम योग्यता:**

| क्र. सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | नगर प्रहरी हवल्दार | १. बुढानीलकण्ठ नगरपालिकामा नगर प्रहरी जवान पदमा कार्यरत रहेको।<br>२. शारीरिक रूपमा तन्दुरुस्त रहेको।<br>३. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र लिएको।<br>४. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको। |

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरू :-**
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति।
(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ३ (तिन) प्रति।
(ग) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि पट्टि **"सक्कल बमोजिम नक्कल ठिक छ"** भनी उम्मेदवार स्वयंले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

तुल्सीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

वेब साईट: www.budhanilkanthamun.gov.np, Email: info@budhanilkanthamun.gov.np, budhanilkanthamun@gmail.com

८. **परीक्षा विधि :-**

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षण,
- विस्तृत स्वास्थ्य परीक्षण,
- लिखित परीक्षा तथा अन्तर्वार्ता,
  - वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ ।
  - वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
- प्रयोगात्मक परीक्षा,
- विशेष स्वास्थ्य परीक्षण परीक्षा,

९. **परीक्षा मिति**: पछी प्रकाशन गरिनेछ।

१०. **विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण**: बुढानीलकण्ठ नगर अस्पताल, बालुवाखानी-१० कपन वा नगरपालिकाले तोकेको स्थानमा ।

११. **सेवा सुविधा**: नगर कार्यपालिकाले निर्णय गरे बमोजिम ।

१२. **पदमा रही गर्नु पर्ने कामको विवरण**: नगरपालिकाले तोके बमोजिम ।

१३. **दरखास्त दस्तुर**: बुढानीलकण्ठ नगरपालिकाको नाममा प्रभु बैंक लिमिटेड, हात्तीगौंडा शाखामा रहेको आन्तरिक राजस्व खाता नम्बर १००००९५२६२५०००९६ मा बुझाउन सकिनेछ ।

१४. तोकिएको आवश्यक न्यूनतम योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै गलत विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम् हुनुपर्नेछ ।

*नोटः- पदपूर्ति सम्बन्धी कुनै दुबिधा उत्पन्न भएमा पदपूर्ति समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।* ***थप जानकारीका लागि कार्यालयको फोन नं. ०१-४३७२७२५ मा सम्पर्क गर्न सकिनेछ ।***

तुल्सीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत